"पाँचखाल नगर–कृषि सहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
## Panchkhal Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Execiutive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४१५
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. :- ०८०/८१
च. नं. *(Ref. No.)* :- ६८

मिति : २०८०/०४/०७

श्री करार सेवामा कार्यरत कर्मचारीहरु (सबै),
पाँचखाल नगरपालिका।

विषय : २०७९ पुस देखि २०८० असार महिना अवधिको कार्यसम्पादनस्तर मूल्याङ्कन फाराम भरी पेस गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत **"करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८"** को दफा १३ मा कार्यसम्पादन स्तरको मूल्याङ्कनको आधारमा मात्र नयाँ अविधिको लागि करार सम्झौता सम्बन्धी निर्णय गरिने एवम् कार्यसम्पादन स्तरको मूल्याङ्कनमा ८० प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेमा नयाँ अवधिको लागि करार सम्झौता नगरिने बेहोरा उल्लेख छ। पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा करार सेवामा विभिन्न पद र तहमा कार्यरत सबै कर्मचारीहरुको २०७९ पुस देखि २०८० असार महिना अवधिको कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रयोजनार्थ सो अवधिमा सम्पादन गरेका कार्यहरु उल्लेख गरी अनुसूची-१ बमोजिमको ढाँचामा २ प्रति कार्यसम्पादनस्तर मूल्याङ्कन फाराम भरी मिति २०८०/०४/१० भित्र पाँचखाल नगरपालिका, प्रशासन शाखामा बुझाउनुहुन आदेशानुसार अनुरोध छ। साथै तोकिएको समयावधिभित्र का.स.मु.फारामहरु भरी पेस नगरेमा नयाँ अवधिको लागि करार सम्झौता नगरिने र सो को जिम्मेवार सम्बन्धित कर्मचारी स्वयम् नै हुने बेहोरा समेत जानकारी गराइन्छ। (नोट : नेपाल सरकार तथा बागमती प्रदेशद्वारा सञ्चालित विभिन्न कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुले अनुसूची-१ बमोजिमको ढाँचाको र सम्बन्धित तालुक निकायबाट निर्धारित गरी दुवै ढाँचाका कार्यसम्पादन मूल्याङ्कन फाराम भरी पेस गर्नुपर्नेछ। कासमु फाराम यस कार्यालयको वेभसाइट www.panchkhalmun.gov.np वा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।)

Santosh Poudyal
२०८०/०४/०७

(सन्तोष पौड्याल)
शाखा अधिकृत

बोधार्थ :
श्री वडा कार्यालयहरु (सबै), पाँचखाल नगरपालिका : वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन फाराम सङ्कलन गरी पठाउनु हुन।
श्री स्वास्थ्य संस्थाहरु (सबै), पाँचखाल नगरपालिका : वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन फाराम सङ्कलन गरी पठाउनु हुन।